नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग


# चितवन राष्ट्रिय निकुञ्ज कार्यालय

## संरक्षणको पछिल्लो अवस्था बारे प्रेस बिज्ञप्ति
## २०८२ साल श्रावण २ गते

### १. पर्यटक आगमनको स्थितिः

चितवन राष्ट्रिय निकुञ्जमा गत आर्थिक वर्ष (आर्थिक वर्ष २०८१/०८२) मा २,३१,३२९ जना पर्यटकहरुले भ्रमण गरेका छन् । यसरी भ्रमण गर्ने पर्यटकहरुमा नेपाली १,१७,२०६ जना, सार्क राष्ट्रबाट २४,८०० जना तथा अन्य देशबाट ८९,३२३ जना रहेका छन् । कार्तिक महिनामा सर्वाधिक ३२,२५२ जना पर्यटकहरुले निकुञ्जको भ्रमण गरेका छन भने श्रावण महिनामा सबैभन्दा कम कुल ७३१० जना पर्यटकहरुले निकुञ्ज भ्रमण गरेको तथ्याङ्कबाट देखिन्छ । आर्थिक वर्ष २०८०/०८१ को तुलनामा निकुञ्ज भ्रमण गर्ने पर्यटकको संख्या आ.व. २०८१/०८२ मा ७५,५०८ जनाले कमी आएको यस कार्यालयको तथ्याङ्कबाट देखिन्छ ।

महिना अनुसार निकुञ्ज भ्रमण गर्ने पर्यटकहरुको संख्यालाई तलको रेखाचित्रमा प्रस्तुत गरिएको छ ।




प्रस्तुत पर्यटन आगमनको रेखाचित्रबाट पर्यटकको आगमन असोज महिनाबाट बृद्धि भई कार्तिक महिनामा सबैभन्दा उच्चतम विन्दुमा पुगि तत् पश्चात माघ महिनासम्म घट्दै गएको र फागुनदेखि पुनः बढ्दै गएर २०८२ बैशाखबाट क्रमश ओरालो लागेको देखिन्छ ।

### २. राजश्व विवरण

चितवन राष्ट्रिय निकुञ्जमा आर्थिक वर्ष २०८१/०८२ मा रु ३३,८६,२३,१९३.१०।- (तेत्तीस करोड छयासी लाख तेइस हजार एक सय त्रियानब्बे रुपया दश पैसा) राजश्व (मु.अ.कर समेत) संकलन भएको छ। शिर्षक अनुसार संकलित राजश्वको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.स. | राजश्व शिर्षक नं. | विवरण | जम्मा रकम रू. | प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १९०९३१५।०० | ०.५६% | मु.अ.कर बाहेक |
| २ | १४३११ | न्यायिक दण्ड जरिवाना र जफत | १०७४५००।०० | ०.३२% | मु.अ.कर बाहेक |
| ३ | १४३१२ | प्रशासनिक दण्ड जरिवाना | ६४४३८५।०० | ०.२०% | मु.अ.कर बाहेक |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | ३३३६१ | वन क्षेत्रको रोयल्टी | **३३,४९,९४,९९३।११** | ९८.९२% | मु.अ.कर समेत |
| | | पर्या पर्यटन | २६,८१,६१,९००।०० | | मु.अ.कर समेत |
| | | काठ दाउरा विक्री | १९,१७,२६५।०० | | मु.अ.कर समेत |
| | | गैरकाष्ठ वन पैदावार विक्रि | ६,४९,१५,८२८।११ | | मु.अ.कर समेत |
| | | **कूल राजश्व** | **३३,८६,२३,१९३।११** | **१०० %** | मु.अ.कर समेत |

माथिको तालिका अनुसार संकलन भएको राजश्व मध्ये वन क्षेत्रको रोयल्टी वापत रु ३३,४९,९४,९९३.१ रुपैया संकलन भएको छ । यो कुल राजश्व रकमको ९८.९३ प्रतिशत हो ।वन क्षेत्रको रोयल्टी अन्तर्गत पर्यापर्यटनबाट सबैभन्दा बढी रु २६,८१,६१,९३००।- राजश्व संकलन भएको छ । यो कुल संकलित राजश्व रकमको ७९.१९% प्रतिशत हो।

## ३. मुद्दा सम्बन्धि विवरण


चितवन राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा चोरी शिकारी तथा अवैध गतिविधि नियन्त्रण गर्न नियमित गस्ती तथा अपरेशन कार्यहरु भइराखेको सर्वविदितैछ छ। यसै सन्दर्भमा आ.व. २०८१/०८२ मा विभिन्न कसुरमा पक्राउ पर्नेहरुको संख्या ४४२ जना रहेको छ ।

विभिन्न कसुरमा पक्राउ पर्नेहरुको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | कसुर विवरण | पक्राउ पर्नेको संख्या | प्रतिशत | क्र.सं. | कसुर विवरण | पक्राउ पर्नेको संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | गैडा | ८ | १.८१ | १० | ढुङ्गा,गिट्टी,वालुवा | ५ | १.१३ |
| २ | बाघ | १ | ०.२३ | ११ | घाँस दाउरा | १४१ | ३१.९० |
| ३ | बंदेल | २६ | ५.८८ | १२ | निउरो | ८७ | १९.६८ |
| ४ | पंक्षी(चरा) | ३ | ०.६८ | १२ | विना अनुमती निकुञ्ज प्रवेश | २३ | ५.२० |
| ५ | सालक | ५ | १.१३ | १४ | निशेधित क्षेत्र प्रवेश | ६ | १.३६ |
| ६ | काठ | ० | ०.०० | १५ | हिउँ चितुवा | २ | ०.४५ |
| ७ | चितल, जरायो | ० | ०.०० | १६ | चितुवा | ४ | ०.९० |
| ८ | माछा | १२६ | २८.५१ | १७ | च्याउ | ४ | ०.९० |
| ९ | अतिक्रमण | ० | ०.०० | | **जम्मा** | ४४२ | १०० |

तालिका अनुसार सबैभन्दा बढी ३१.९० प्रतिशत घाँस दाउराको कसुरमा पक्राउ परेका छन् । त्यस्तै माछा सम्बन्धि कसुरमा २८.५१ प्रतिशत पक्राउ परेका छन् । दुर्लभ एक सिंगे गैंडासँग सम्बन्धित अभियोगमा पक्राउ पर्नेको संख्या यस अवधिमा ८ (१.८१ प्रतिशत) रहेको छ ।

यसरी पक्राउ परेका व्यक्तिहरुलाई वन सम्बन्धी तथा वन्यजन्तु सम्बन्धि अपराधमा निम्नानुसार वर्गिकरण गरिएको छ।




यस कार्यालयमा मुद्दा दर्ता भई फैसला हुन बाँकी रहेका मुद्दाको संख्या आ.व. २०८०/०१ को अन्त्य सम्ममा २७ रहेको थिए भने आ.व. २०८१/०८२ मा जम्मा १२ वटा नयाँ मुद्दा दर्ता भई १४ वटा मुद्दा फैसला भएका छन् । आर्थिक वर्षको अन्त्यसम्म फैसला हुन बाँकी रहेको संख्या २६ वटा रहेका छन् । आ.व. २०८१/०८२ मा ४ वटा मुद्दामा यस कार्यालयबाट अनुसन्धान भए पश्चात अदालतमा दर्ता गरिएका छन् ।

## ४. वन्यजन्तुबाट भएको क्षतिको राहत विवरण

यस कार्यालयले मानव-वन्यजन्तु द्वन्द न्यूनीकरणका लागि चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा विभिन्न किसिमको वन्यजन्तुवाट हुने क्षतिको राहतका लागि राष्ट्रिय निुकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को दफा ३ (घ) तथा "वन्यजन्तुबाट हुने क्षतिको राहत वितरण निर्देशिका २०८०" बमोजिम राहत वितरण गर्दै आएको अवगत नै छ । यसै सन्दर्भमा आर्थिक वर्ष २०८१/०८२ मा मानवीय क्षति-५१ जना (मृतक -१० जना, सामान्य घाइते -९ जना र गम्भीर घाइते -३२ जना), पशुधन क्षति १७२ जना, कुखुरा क्षति -७ जना, घरगोठ क्षति-२३ जना र खाद्यान्न बाली क्षति-४५६ जना गरी जम्मा ७२२ जनालाई राहत वितरण गरिएको छ । वितरण गरिएको जम्मा राहत रकम रु १,८२,६१,७७०।- रहेको छ ।

राहत वितरण सम्बन्धि विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | क्षतिको विवरण | संख्या | जम्मा खर्च (रु) | प्रतिशतमा |
|---|---|---|---|---|
| १ | सामान्य घाइते | ९ | ९३८५२ | ०.५१ |
| २ | गम्भीर घाइते | २१ | २९७४६१८ | १६.२९ |
| ३ | मानिस मृत्यु | १० | १०००००००० | ५४.७६ |
| ४ | पशुधनको क्षति | १७२ | १७०४७०० | ९.३३ |
| ५ | भण्डारण गरेको अन्नको क्षति | १३ | ८३००० | ०.४५ |

| | | | | |
|---|---|---|---|---|
| ६ | घरगोठको क्षति | २३ | २१८००० | १.१९ |
| ७ | अन्न बालिको क्षति | ४५६ | ३१६०१०० | १७.३० |
| ८ | माछा क्षति | ० | ० | ०.०० |
| ९ | कुखुरा क्षति | ७ | २७५०० | ०.१५ |
| | **कुल जम्मा** | ७२२ | १८२६१७७० | १०० |

## ५. आ.व. २०८१/०८२ मा वन्यजन्तुको मृत्यु सम्बन्धि विवरण

| **क्र.सं.** | **वन्यजन्तुको नाम** | **मृत्युको कारण** | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्राकृतिक (उमेर पुगेर, बिरामी भएर, बाघको आक्रमंबाट आदि) | जुँधेर | सडक दुर्घटना | विद्युतीय करेन्ट | चोरी शिकारी | बाढीले बगाएर | दलदलमा परी मरेको | तारजालीमा परेर | कुकुरको आक्रमण | कारण नखुलेको | अन्य | जम्मा | कैफियत |
| १ | गैंडा | १८ | ३ | | १ | | २ | ३ | | | | १ | २८ | * |
| २ | चितुवा | | | | | | | | | | | १ | १ | ** |
| ३ | हात्ती | ५ | | | | | | | | | १ | १ | ७ | *** |
| ४ | बाघ | | १ | | | | | | | | | 1 | २ | **** |
| ५ | चरी बाघ | | | | | | | | | | | १ | १ | ***** |
| ६ | चितल | १२ | | २ | | | | | १ | १६ | | | ३१ | |
| ७ | जरायो | ३ | | | | | | | | | | | ३ | |
| ८ | रतुवा | | | | | | | | | १ | | | १ | |
| ९ | घडियाल गोही | २ | | | | | | | | | | | २ | |
| १० | निलगाई | २ | | | | | | | | | | | २ | |
| ११ | अजिंगर | | | | | | | | | | | १ | १ | |
| १२ | स्याल | | | | | | | | १ | | | | १ | |
| १३ | भालु | १ | | | | | | | | | | | १ | |
| १४ | अन्य | २ | | | | | | | | | | | २ | |
| | **जम्मा** | ४५ | ४ | २ | १ | ० | २ | ३ | २ | १७ | १ | ६ | ८३ | |

*पोथी-११, भाले १० र पहिचान हुन् नसकेको-७

** रेडियो कलर जडान भएको

*** ३ वटा निजी हात्ती, १ वटा सरकारी र ३ वटा जंगली हात्ती

**** भैसीलाई आक्रमण गर्दा मृत्यु भएको (भाले)- भाले-२

***** पोथी-१, Poisoning भएर मरेको

उल्लेखित विवरणबाट सबैभन्दा बढी प्राकृतिक कारणबाट वन्यजन्तुहरुको मृत्यु भएको देखिन्छ भने त्यसपछि कुकुरको आक्रमणबाट बढी वन्यजन्तुको मृत्यु भएको देखिन्छ ।मृत्यु हुने जनावरहरुमा सबैभन्दा बढी चित्तल (३१)

त्यसपछि एक सिंगे गैंडा (२८) र त्यसपछि हात्ती (३ वटा निजी, १ वटा सरकारी र ३ वटा जङ्गली गरी ७ वटा) रहेको छ ।

### आ.व. २०८१/०८२ मा उद्दार गरिएको वन्यजन्तुको विवरण

आ.व. २०८१/०८२ मा जम्मा १७७ वटा वन्यजन्तुको उद्दार गरी निकुञ्जको कोर क्षेत्र, मध्यवर्ती सामुदायिक वन तथा मध्यवर्ती वन लगायतका वन्यजन्तुको प्राकृतिक वासस्थानमा छोडिएको छ । उद्दार गरिएका वन्यजन्तुको विवरण तपसिल बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

**आ.व. २०८१/०८२ को वन्यजन्तुको उद्दार सम्बन्धिको विवरण**

| सि.नं. | वन्यजन्तुको नाम | संख्या | कैफियत | सि.नं. | वन्यजन्तुको नाम | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | गैंडा | ४ | | ८ | घडियाल गोही | १२ | |
| २ | बाघ | २ | | ९ | रतुवा | २ | |
| ३ | चितल | ७ | | १० | गिद्द | २ | |
| ४ | कछुवा | ६ | | ११ | गोहोरो | १ | |
| ५ | सर्प | ३८ | | १२ | निर बिरालो | १ | |
| ६ | अजिंगर | ७८ | | १३ | अन्य | ३ | हुचिल, Black Stork, बाँदर |
| ७ | मगर गोही | २१ | | | **जम्मा** | **१७७** | |

६. आ.व. २०८१/०८२ मा चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रमा कुल जम्मा १७ वटा उद्योगहरुलाई चितवन तथा नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का उद्योग तथा वाणिज्य कार्यालयहरुमा दर्ता हुनका लागि सहमति प्रदान गरिएको छन् ।

.........................................

अविनाश थापा मगर
सूचना अधिकारी